आज मिति २०७८ साल आश्विन १९ गते मंगलबारका दिन विर्तामोड नगरपालिकाको बैठक नगर प्रमुख श्री धुव कुमार शिवाकोटीज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थिति

नगर प्रमुख : श्री धुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्रप्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्गदेन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्गवा

७ नं. का.वा वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं. वडा अध्यक्ष : श्री अजय कार्की

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपदि गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता घिमिरे

कार्यपालिका सदस्य : श्री संगिता शिवा

सचिव : श्री गणेश प्रसाद दाहाल

CS CamScanner

निर्णय नं.१. विजय दशमी, शुभ दिपावली, छैठ २०७८ तथा नेपाल सम्वत पर्वको पावन अवसरमा सम्पूर्ण नगर वासी दाजु भाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय सुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं.२. बिर्तामोड नगरपालिकाको दिगो फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने विर्सजन केन्द्र खोजीका लागि बिर्तामोड नगरपालिकाले मिति २०७८/०६/०३ गतेका दिन आव्हान गरेको सूचना वमोजिम तोकिएको समय अवधि भित्र पेश हुन आएको एक मात्र वोलपत्र श्री कन्काई विर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन लि.केन्द्रीय कार्यालय कन्काई नगरपालिका वडा नं.१ झापाले मिति २०७८/०६/१२ गतेका दिन पेश गरेको वोल पत्र र उक्त बोलपत्रमा फोहोरमैला व्यवस्थापनका लागि बोलपत्र दाताले प्राप्त गर्ने बार्षिक कवोल अंक रु २०,००,०००।- (अक्षरेपी विस लाख) सहित पेश हुन आएको हुँदा उक्त बोलपत्र दाताले पेश गरेको बोलपत्रलाई स्वीकृतिका लागि मुल्याङ्कन समिति र जग्गाको सर्वदलीय स्थलगत अध्ययन छनौट तथा सिफारिस समितिको मिति २०७८/६/१८ को निर्णयले सिफारिस भई आएकाले उक्त बोलपत्र दाता सँग सम्झौता गरि नगरको फोहोरमैला व्यवस्थापन गर्ने र उक्त रकम आ.व.२०७७/०७८ को बाँकी मौज्दात बाट विनियोजन गरि भुक्तानि गर्ने निर्णय गरियो ।

निर्णय नं.३. बिर्तामोड नगरपालिकामा संचालन भई रहेको नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (पारुहाङ कलेज अफ हस्पिटालिटी मेनेजमेन्ट) लाई श्री दुर्गा गुठी भगवती स्थान गरामनीको नाममा दर्ता रहेको साविक गरामनी-३ हाल बिर्तामोड नगरपालिका वडा नं.८ मा रहेको जम्मा ज.वि मध्ये ज.वि.२-0-0 सम्बन्धित जग्गा दाता गुठि समिति समेतको सहमतीमा नियम बमोजिम आवश्यक प्रक्रिया पुरा गरि उक्त कलेजलाई पूर्वाधार निर्माण गर्नका लागि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.४. मिति २०७८/०५/२७ गतेको बिर्तामोड नगर शिक्षा समितिको सिफारिस बमोजिम श्री चमरधाप प्रा.वि. वि.न.पा.१० र श्री शुक्रराज आ.वि. वि.न.पा.८ लाई आ.व.२०७८/०७९ देखी कार्यान्यन हुने गरी १/१ वटा वालशिक्षक कोटा उपलब्ध गराउने र निजहरुलाई उपलब्ध हुने पारिश्रमिक विर्तामोड नगरपालिकाको स्वीकृत नगर विकाश योजना आ.व.२०७८/०७९ को शैक्षिक विकाश क्षेत्रमा विनियोजित वजेट शीर्षक २३ मा उल्लेखित कार्यकम हालको विषम परिस्थितिको कारणबाट यस वर्ष संचालन गर्न कठिन देखिएकोले सो शीर्षकमा तोकिएकाले रकमबाट खर्च गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.५ यस विर्तामोड नगरपालिकामा रहेका निम्न वमोजिमका घ वर्गको निर्माण व्यवसायी फर्महरुलाई प्राविधिक समितिवाट सिफारिस भई आएकोले “घ” वर्गको निर्माण इजाजत दिने निर्णय गरियो ।

**निम्नः–**

१. पैजो कन्ट्रक्सन प्रा.लि, बिर्तामोड-४, झापा ।

२. तान्छोहाङ निर्माण सेवा, बिर्तामोड-६, झापा ।

३. पि.ओ.जे.इष्ट फेण्डसिप कन्ट्रक्सन प्रा.लि, बिर्तामोड-१०, झापा ।

CamScanner

निर्णय नं.६. बिर्तामोड नगरपालिका वडा नं.३ स्थीत अनारमनी स्वास्थ्य केन्द्र १५ बेडको नगर अस्पतालको रुपमा स्तरउन्नती भई स्वास्थ्य विमा कार्यक्रम सहित नगर अस्पताल संचालन भई रहेको उक्त नगर अस्पतालको भवन अनारमनी स्वास्थ्य केन्द्रको नाममा दर्ता रहेको साविक अनामनी गा.वि.स.वडा नं.५ हाल बिर्तामोड नगरपालिका वडा नं.३ मा पर्ने कि.नं.३६७ ज.वि.३५०० व.मि.मा निर्माण गर्न संघिय सरकार स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.७ नेपालीहरुको महान चार्ड दशैं, तिहार, छैठ पर्व २०७८ को अवसरमा हुने भिडभाडमा चोरी, लुटपाट ठगी, जुवातास खेल्ने जस्ता गतिविधिहरु हुन सकने भएको हुँदा यस्ता अपराधिक गतिविधिहरुको रोकथाम तथा नियन्त्रणका लागि गस्ति तथा निगरानीका लागि मिति २०७८/०६/२१ गते देखी छैठ पर्व २०७८ सम्मका लागि इलाका प्रहरी कार्यालय अनारमनीलाई चार पाङ्ग्रे स्करपियो सवारी साधन उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.८. बिर्तामोड नगरपालिका वडा नं.१० का पून्य प्रसाद प्रसाई सहितका सरोकार वालाहरुले निर्माण सामाग्री जस्तै बालुवा, गिटी, ढुङ्गा ढुवानी गर्ने ट्याक्टरहरुले १/२ डेढाको नाममा फाल्टा लगाई सामाग्री ढुवानी गरी उपभोक्ता लाई ठगि गरिरहेकोले उक्त कार्य नियन्त्रण गर्न निवेदन पेश भएकोमा निर्माण सामाग्री ढुवानी गर्ने ट्याक्टरहरुलाई नियम विपरित ढुवानी गर्ने/गराउने कार्य नियन्त्रण गर्न स्थानीय इलाका प्रहरी कार्यालय र जिल्ला ट्राफिलक कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.९. बिर्तामोड नगरपालिका वडा नं.३ वस्ने शान्ती माझीको छोरा मनोज माझीको औषधी उपचारको लागि रु २०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner